"शिक्षामा लगानी ल्याउँछ सुनौलो बिहानी" फोन नं. ०७१५१४१९१

# श्री पशुपति माध्यमिक विद्यालय

तिलोत्तमा-१५, कोटिहवा (रूपन्देही)

स्था. २०३४

विद्यालय कोड ३ ९ ० ० ० ६

च.नं.:

प.सं.: २०८३/०८४

मिति : २०८३/०४/२२

श्री जो जससँग सम्बन्ध छ ।

विषय : शिक्षक सरुवा सम्बन्धमा ।

प्रस्तुत विषयमा तिलोत्तमा नगरपालिका, शिक्षा युवा तथा खेलकुद शाखाको च.नं.२०२ र मिति २०८३/०४/२२ को स्थायी शिक्षक सरुवाका लागि सूचना प्रकाशन गर्ने अनुमति साथै यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०४/२२ को निर्णयानुसार यस श्री पशुपति माध्यमिक विद्यालय, तिलोत्तमा १५, कोटिहवा, रूपन्देहीमा माध्यमिक तह, तृतीय श्रेणीको रिक्त रहेको गणित विषय शिक्षक पदमा शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ को (दशौं संशोधन २०८३) अनुसार सरुवा भई यस विद्यालयमा आउन इच्छुक सम्बन्धित तहमा कार्यरत गणित विषय स्थायी शिक्षकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शिक्षा नियमावली २०५९ संशोधन सहितको अनुसूची १७ बमोजिमको ढाँचामा आवश्यक तपसिल बमोजिमका कागजात सहित निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघेका वा तोकिए बमोजिमको रीत नपुगी प्राप्त भएका निवेदन उपर कुनै कार्यवाही हुने छैन। सहजताका लागि निवेदन विद्यालयको इमेल ठेगानामा पनि पठाउन सकिनेछ ।

<u>तपसिल</u>

१. निवेदन
२. नेपाली नागरिकताको प्रतिलिपि
३. स्थायी नियुक्ति पत्रको प्रतिलिपि
४. विद्यालयमा हाजिरी भएको पत्रको प्रतिलिपि
५. शैक्षिक योग्यता र तालिम प्रमाणपत्रका प्रतिलिपि
६. सरुवा भई आउने विद्यालयको सहमति पत्र
७. सम्बन्धित पालिकाको सहमति पत्र
८. जिल्ला बाहिरवाट भए सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइको सहमति पत्र
९. विशेष अवस्थाका शिक्षकको हकमा सो खुल्ने प्रमाणपत्र वा प्रमाणित गर्ने कागजात
१०. निवेदन दिने अन्तिम मिति २०८३ भाद्र ५ गते शुक्रवार विद्यालय समयभित्र ।

थप जानकारीका लागि सम्पर्कः प्रधानाध्यापक (९८५७०३१८४०) ,सहायक प्रधानाध्यापक (९८४४७३०५३३), ०७१५१४१९१

इमेलः pashupatischool2034@gmail.com

बोधार्थ :

१. श्री तिलोतमा नगरपालिका, शिक्षा युवा तथा खेलकुद शाखा, कुञ्जलापुर, रुपन्देही।
२. श्री शिक्षा विकास तथा समन्वय एकाइ, भैरहवा, रूपन्देही ।

वेदनारायण भट्टराई
प्रधानाध्यापक
श्री पशुपति माध्यमिक विद्यालय
तिलोत्तमा-१५, कोटिहवा

Scanned with CamScanner